# शान्तिको आसा गर्ने हो भने, न्यायको खेती गरौं !

***आइएलओको १00औं अधिवेशनमा नेपाली श्रमिक प्रतिनिधि विष्णु रिमालको सम्बोधन***

**अध्यक्ष महोदय,**

क्रिकेटको दुनियाँमा ‘१००’ अङ्कको ठूलो अर्थ रहन्छ । खेलाडीहरुले प्रसंशक र शुभेच्छुकबाट व्यापक हौसला र बधाई पाउँछन्- “वाह ! क्या गर्‍यौ, एक सय रन-स्कोरको लागि बधाई छ है!”

आज, म पनि, सिङ्गो नेपाली श्रमजीवी वर्ग, हाम्रो साझा मञ्च- जेटियुसीसी र मेरो आफ्नै ट्रेड युयिन केन्द्र जिफन्टको तर्फबाट आइएलओलाई “शाताव्दी स्कोर”- अन्तराष्ट्रिय श्रम सम्मेलनको १०० औं अधिवेशनका लागि बधाई ज्ञापन गर्ने अनुमती चाहन्छु ।

नि:सन्देह विश्व इतिहासको संघर्षपूर्ण घडीमा आइएलओको स्थापना भएको थियो । ‘हुने-खोने’ र ‘हुँदा-खाने’ दुई वर्ग वीचको तीव्र वर्ग संघर्षलाई फरक ढङ्गले सम्वोधन गर्ने लक्ष बोकी यसको यात्रा शुरु भएको थियो । अहिले आइएलओले झण्डै एक शताव्दीको आयु पूरा गर्दछ । यो अवधिमा श्रमको संसारमा उदेक लाग्दा परिवर्तन भएका छन् । देखिने गरी नै विकसित देशबाट अतिकम विकसिशत देशतिर फेरिएको श्रम आन्दोलनको केन्द्रविन्दु चाखलाग्दो छ । ठूलो संख्यामा युवा र किशोरहरु सम्मिलित श्रमिकहरुको केन्द्र अव दक्षिणी गोलार्ध हुन पुगेको छ । ति युवा श्रमिकहरु, जो मर्यादित काम सहितको भविष्य रहेको महान सपना साँचेर हुर्किरहेका छन्, यदी आफ्नो ‘सपना’मा कसैले ‘पानी फेरिदिएको’ महसुस गरेमा कुनै पनि ठाँउमा जस्तो सुकै तरीकाबाट पनि विद्रोह गर्न तम्तयार छन् !

आफ्नो उद्घाटन मन्तव्यमा महानिर्देशक सोमाभियाले भन्नु भयो- “हामीले यो सम्मेलनको १०० औं अधिवेशन आयोजना गरिरहेको समयमा हाम्रो ‘श्रमको संसार’ भने ‘गडवडी’बाट गुज्रिरहेछ!” उहाँले केही तथ्याङ्क पस्किनु भयो- “३५ करोड (३५०० मिलियन) मानिसको आम्दानी जति, ६१ लाख मानिसले नै उपभोग गरिरहेका छन् ।” उहाँको निस्कर्ष- “विगत ३० वर्ष देखि दुनियाँको सबै भागमा अनुचित विश्वव्यापीकरणले योजनावद्ध तरीकाबाट असमानता बढाई रहेको छ”, निश्चय नै यो तथ्यमा पनि प्रतिविम्वत भएकोछ । म उहाँको भनाईमा सहमती जनाउँछु ।

मित्र सोभामिया, तपाईको प्रश्न-“के हामी परिवर्तन गर्न सक्छौं, के हामी परिवर्तन गर्न सकौंला, के हामी परिवर्तन चाहन्छौं...” मा भने मेरो जवाफ द्विविधापूर्ण छ ।

“सक्छौं होला, हैन सक्दैनौं होला !” नढाटीकन भन्ने हो भने अध्यक्ष महोदय, आइएलओको सुस्त गतिलाई हेर्दा म मा व्यापक द्विविधा छ ।

“सामाजिक अन्यायले गर्दा श्रमजीवी जनतामा सिर्जना भएको निराशालाई के हामी चिर्न सक्छौं? त्यस्तो अन्याय, जुन स्वयं आइएलओ कै मान्यताको विरुद्धमा छ?!” यहाँ म आइएलओको शताव्दी परियोजनाको थेममा सहमती जनाउँछु- “शाान्तिको आसा गर्ने हो भने, न्यायको खोती गरौं !”

भइरहेको परिवर्तन र भविष्यमा हुनसक्ने परिवर्तनलाई थेग्ने गरी कसरी हाम्रा कार्यक्रम, कार्वाही र स्वयं आइएलओको संरचना वीच तादात्म्यता मिलाउने हो, सोचौं !

## अध्यक्ष महोद्य,

एउटा अतिकम विकसित देशको श्रमिकहरुको प्रतिनिधिको हैसियतमा उठाउनु पर्ने हाम्रा विषय-वस्तुहरु पनि अरुहरुका जस्तै नै छन् । यसवर्षको अन्तराष्ट्रिय श्रम सम्मेलनमा सामाजिक सुरक्षा, घरेलु श्रमिककालागि कामका अधिकार, अवमूल्यन गरिएको श्रम प्रशासन तथा श्रम नीरिक्षण प्रणाली र भेदभावका बारेमा छलफल भइरहेको छ ।

नेपालका सबै श्रमिकहरुलाई समेट्ने गरी हालै शुरु गरिएको सामाजिक सुरक्षा प्रणालीका विधि र स्कीमका बारेमा हामीहरु पनि छलफल गरिरहेका छौं । केही व्यवसायीका अनावस्यक जिद्दीका वावजुद हामीले रोजगारदाताका संगठनहरुसंग एउटा ऐतिहासिक सहमती समेत गरिसकेका छौं । नेपालको श्रम कानून सुधारका लागि भएका विभिन्न अभ्यासमा सहयोग पुऱ्याएकोमा म हाम्रो तर्फबाट अन्तर्राष्ट्रिय श्रम संगठनलार्य हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

अध्यक्ष ज्यु, निरन्तर लम्बिंदो राजनीतिक संक्रमणकाललाई अन्त्य गर्न हामी नेपालीहरु अझै संघर्षरत छौं । सुस्तरी नै भए पनि हामीहरु यो शताव्दीको पहिलो गणतन्त्रलाई संस्थागत गर्ने देखि श्रमिक मैत्री नयाँ संविधान जारी गर्नेसम्मको गह्रुङ्गो जिम्मेवारी पूरागर्ने क्रममा छौं ।

अन्तर्राष्ट्रिय समुदायलाई जानकारी भएकै विषय हो, १० वर्षे हिंसात्मक द्वन्द्वले नेपाली युवाहरुलाई विश्वका विभिन्न मुलुकमा काम खोज्न वाध्य पाऱ्यो । ती मुलुकहरुमा बहुसंख्यक हाम्रा जनताले गर्ने काम भनेको असुरक्षित र अप्ठ्यारो काम हो । ठूलै संख्यामा नेपालीहरु घरेलु श्रममा मात्रै सिमित छन् ।

यसर्थ हाम्रा लागि घरेलु श्रमको अर्थ, स्वदेश वा विदेशमा नेपालीले गर्ने काम हो । त्यसैले हामी नेपालीलाई राम्रै थाहा छ, यो क्षेत्रमा शोषण कस्तो हुन्छ ! यसैकारण म यो सम्मेलनसङ्ग आग्रह गर्दछु- आउनुहोस्, विना हिचकिचाहट घरेलु श्रमिकहरुको अधिकार सुनिश्चित गर्ने नयाँ महासन्धि पारित गर्दै यो १०० औं अधिवेशन सम्पन्न गरौं !

भेदभावको सन्दर्भमा म यहाँ गर्वका साथ हाम्रो समावेशी चरित्रको व्यवस्थापिका-संसदको उदहारण दिन चाहन्छु । यसमा एक तिहाई महिला प्रतिनिधित्व छ, र समाजमा रहेका विभिन्न जातजाती र क्षेत्रको समानुपातिक प्रतिनिधित्व छ । सैद्धान्तिक रुपमा समानताको विपक्षमा कसैले पनि चलखेल गर्ने गुञ्जाइस छैन । तर प्राप्त हकलाई व्यवहारमा प्रभावकारी रुपमा लागु गर्ने

मामिलामा भने हामीहरु अझै चुकिरहेका छौं भन्नु पर्दा मलाई खेद छ । हामीले 'नीती र काम', 'महिला र पुरुष', 'समाजका अधिकार सम्पन्न र पाखा पारिएकाहरु' बीचको न्यायिक सन्तुलन गुमाएका छौं ।

म यहाँ यो अधिवेशनको अर्को विषयवस्तु- 'श्रम प्रशासन'को चर्चा गर्न मनासिव ठान्दछु । यो हाम्रो हकमा पनि सान्दर्भिक छ । हामीले छिटो छरितो न्याय सम्पादन र प्रभावकारी श्रम नीरिक्षण प्रणाली लागु गर्न शक्तिशाली राष्ट्रिय श्रम आयोगको माग गरिरहेका छौं ।

**अध्यक्ष महोदय,**

श्रमिक प्रतिनिधिहरुको मतदाता समूहले हाम्रो महासंघलाई विश्वास गरि आइएलओ गवर्निङ वडीको डेपुटी सदस्यमा निर्वाचित गरेकोमा मलाई समग्र नेपाली श्रमजीवी वर्ग र उनीहरु संगठित ट्रेड युनियनहरुले यो अधिवेशनलाई उनीहरुको तर्फबाट हार्दिक धन्यवाद व्यक्त गरिदिन भनेका छन् । सबै श्रमिक प्रतिनिधि मित्रहरुलाई धन्यवाद सहित म वचन दिन्छु- कमरेडहरु, हामी तपाईहरुलाई निराश पार्ने छैनौं । विश्वास गर्नुहोस्, हाम्रो प्रतिनिधि आफ्नो क्षमताको हदैसम्म श्रमजीवी वर्गका पक्षमा क्रियाशील रहनु हुनेछ !

यो अन्तर्राष्ट्रिय श्रम सम्मेलनको १०० औं अधिवेशनको भव्य सफलताको लागि हार्दिक शुभकामना !!

धन्यवाद ।

**विष्णु रिमाल**
नेपाली श्रमिक प्रतिनिधि
संयुक्त राष्ट्रसंघ भवन, जेनेभा
जुन ०९, २०११